बलेफी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक

पत्र सङ्ख्या: २०८२/८३
सूचना नं: ५३

बागमती प्रदेश, नेपाल

## उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान वितरणका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना !!!

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०८/१०)**

बागमती प्रदेश सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार बलेफी गाउँपालिकाबाट सञ्चालन हुने **उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान कार्यक्रम** कार्यान्वयनका लागि बागमती प्रदेश कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्वारा स्वीकृत "**स्थानीय तहमा विनियोजन सशर्त अनुदान अन्तर्गत कृषि कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८२**" बमोजिम मापदण्ड पुरा गरेका र यस कार्यक्रममा सहभागी हुन इच्छुक **दुग्ध उत्पादक सहकारी संस्था/दुध संकलन केन्द्र/दुध संकलन गरिरहेका बहुउद्देश्यीय सहकारीहरुले** यो सूचना प्रकाशन भएको मितिले **२१ दिन भित्र** तपसिल बमोजिमका कागजातहरु संलग्न राखी बलेफी गाउँपालिकाको पशु सेवा शाखामा तोकिएको ढाँचा अनुसार आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । आवश्यक कागजात बलेफी गाउँपालिकाको वेवसाइट **www.balephimun.gov.np** मार्फत प्राप्त गर्न सकिनेछ । साथै रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताव उपर कुनै पनि कारर्वाही नहुने व्यहोरा जानकारी गराइन्छ ।

<u>तपसिलः</u>

१. सहकारी दर्ता र पान दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
२. गत आ.व. को लेखापरीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
३. बलेफी गाउँपालिकाको कार्यालयमा सूचिकृत तथा नविकरण भएको दुग्ध उत्पादक सहकारी संस्था तथा दुग्ध संकलन केन्द्रको प्रमाणपत्रको प्रतिलिपी ।
४. वार्षिक साधारण सभाको प्रमाणित्र प्रतिलिपी ।
५. वार्षिक दुध बिक्रीको परिमाण खुल्ने कृषकहरुको प्रमाणित नामावली र बैंक खाता विवरण ।
६. सम्बन्धित वडा कार्यालयको वार्षिक दुध संकलनको यथार्थ परिमाण खुल्ने सिफारिस पत्र ।
७. सम्बन्धित कार्यविधि बमोजिमको प्रस्ताव र स्वघोषणा पत्र ।
८. सम्बन्धित कृषकको बैक खाताको चेकको फोटोकपी ।
९. प्रस्तावक संस्थाले मासिक न्यूनतम १५०० लिटर दूध संकलन गरेको र वार्षिक २०० दिनसम्म दूधको कारोबार गरेको प्रमाण

(होम बहादुर राउत)
प्रमुख प्रशासकीय अधिकृत

फोन नं: ०११-४००५३६, ०११-४००५३८ ०११-४००५३९ इमेल: balephi2017@gmail.com वेबसाइट: https://www.balephimun.gov.np
फेसबुक: www.facebook.com/balephiruralmunicipality